# नेपालगन्ज उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

नेपालगन्ज, बाँके
५ नं प्रदेश,नेपाल

टोलफी नं १६६०८१५२०५२
प्याक्स नं ०८१-५२०२४०


प.स.०७४।०७५ राजश्व शाखा
च.नं. २५६६

मितिः-२०७४/१२/२७

## विषयः-सूचना-सूचना-सूचना ।

यस नेपालगन्ज उपमहानगरपालिकाको सुर्खेत रोडमा रहेको सोलार पोलमा ग्लो साइन बोर्ड राख्न ठेक्कामा लगाउनु पर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रहने गरी सम्झौता मितिले ३ बर्षका लागि आन्तरिक राजस्व कार्यालयमा दर्ता भएका ठेक्का लिन ईच्छुक व्यक्ति तथा फर्महरुका लागि यो ३०(तिस) दिने सुचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीका लागि कार्यालय समय भित्र सर्म्पक राख्न सक्नु हुनेछ ।

### तपसिल

१। टेण्डर फाराम प्राप्त गर्नका लागि रु.२०००। (फिर्ता नहुने गरी) तिरी निवेदन साथ आन्तरीक राजश्व कार्यालयमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी र नागरीकताको प्रतिलिपी संलग्न राखी निवेदनका साथ माग गर्नु पर्नेछ ।

२) ठेक्का अवधी सम्झौता मितिले ३ वर्षको हुनेछ ।

३. नेपालगन्ज उपमहानगरपालिका क्षेत्र भित्र रहेका सोलार पोल संख्या १५० (एक सय पचास)

४ २× ३ ग्लो साइन बोर्ड प्रतिपोल बढिमा २ वटा राख्न पाइने छ

५ .प्रचलित कानुन ले निषेध गरेका बिषयहरुको बिज्ञापन गर्न पाइने छैन ।

६) सम्झौता अवधि प्रत्येक बर्ष १०% बृद्धि हुने गरी ३ बर्षको हुने छ ।

७. साइन बोर्ड राख्दा ठेक्का अवधि भर सोलार पोल तथा सोलार प्यानलको मर्मत सम्भार तथा सरसफाई ठे.स्वयम को दायित्व हुने छ ।

८. सोलार पोल थप भएमा सोहि अनुसार को सम्झौता भए बमोजिमको सोलार पोलको रोयल्टी थप तिर्नु पर्नेछ ।

९. सोलार पोलमा साइन बोर्ड राखेबापत १५० पोलको बार्षिक न्यूनतम ठेक रु.१२,०००००। (बाह्र लाख) रोयल्टी र सो रकममा लाग्ने नियमानुसार मुल्य अभिबृद्धि कर का साथै यस कार्यालयको निर्णयानुसारको बिज्ञापन कर बुझाउनु पर्नेछ ।

१०)उ.प.महा.न.पा.ले समय–समयमा दिएको निर्देशन पालना गर्नु पर्नेछ ।

१२.ठेक्का रकम प्रत्येक आ.ब को समभ्मौतामा उल्लेख भएको मितिमा ३ किस्तामा बुझाउनु पर्नेछ ।

हरि प्याकुरेल
... प्रशासकीय अधिकृत

१३. तोकिएको मितिमा नबुझाएमा प्रतिदिन रु.१०००/ का दरले एक महिना सम्म जरिवाना लिने र एक महिना सम्म पनि जरिवाना सहित किस्ता रकम नबुझाएमा धरौटी जफत गरी धनजमानी बाट असुल गरी ठेक्का तोडिने छ।

१४. एक किस्ता रकम बराबरको धनजमानी बापतको रकम धरौटी खातामा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने वा एक बर्ष अवधि भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

१५. टेण्डर साथ राखेको धरौटी र धनजमानी बापत राखेको रकम ठेक्का अवधि समाप्त भएको ३५ दिन पछि कर–क्लिरियन्स प्रमाण पेश गरेपछि फिर्ता हुनेछ ।

१६.ठेक्का संचालन गर्दा कुनै बिबाद परेमा उप.महा.न.पा.को निर्णय अन्तिम हुनेछ ।

१७.टेण्डर फारम साथ कबुल ठे.अंक को १०% धरौटी रकम राष्ट्रीय बाणिज्य बैंक धरौटी खाताको हि.नं.४१३०३०३००७१०४ मा जम्मा गरेको सक्कल भौचर संलग्न राख्नु पर्नेछ ।

१८.यस कार्यालयबाट उपलब्ध गराइएको टेण्डर फारमलाइ मात्र मान्यता दिईनेछ ।

१९.टेण्डर स्वीकृत भएको ७(सात) दिन भित्र एक किस्ता रकम बराबरको धनजमानी तथा प्रथम किस्ताको रकम बुझाए पछी मात्र ठेक्का संचालन गर्न पाउने छ ।७(सात) दिन भित्र उपस्थित भै सम्झौता गरी पट्टापूर्जि नलिएमा धरौटी जफत भैजाने छ।

२०.मुल्य अभिबृद्धि कर बापत १३% किस्ता रकमका साथ बुझाउनु पर्नेछ ।

२१.अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकम लाई मान्यता दिइनेछ ।

२२. कुनै पनि शर्त राखेको टेण्डर स्वीकृत गरिने छैन ।

२३) टेण्डर खरिद गर्ने अन्तिम मिति - **नयाँ पत्रिका राष्ट्रिय दैनिक** .पत्रीकामा प्रकाशित भएका मितिले ३० औं दिन भित्र ।

२४) टेण्डर दर्ता गर्ने अन्तिम मिति - **नयाँ पत्रिका राष्ट्रिय दैनिक** पत्रीकामा प्रकाशीत भएका मितिले ३१ औं दिन ।

२५) टेण्डर खोलिने अन्तिम मिति. **नयाँ पत्रिका राष्ट्रिय दैनिक** पत्रीकामा प्रकाशित भएका मितिले ३२ औं दिन ।

२६) उक्त दिनहरुमा विदा पर्न गए सोको भोली पल्ट ।

हरि प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत